नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## प्रेस विज्ञप्ती

नेकपा विप्लव भनिने समूहद्वारा मुलुकको विभिन्न स्थानमा नागरिकको सुख, शान्ति र अमनचयनमा बाधा पुऱ्याउने कुत्सित् मनसायका साथ आपराधिक र हिंसात्मक गतिविधिहरु गरिरहेको आम नागरिकहरुमा विदितै छ । हिंसात्मक र ध्वंसात्मक कार्यद्वारा आफ्नो अभिष्ट पुरा गर्ने नियत राखी हिंसाको श्रृङखला कायम राख्ने क्रममा तथाकथित बन्दको पूर्वसन्ध्यामा मिति २०७६ जेठ १२ गते काठमाण्डौं, बुढानिलकण्ठ नगरपालिका वडा नं ४ स्थित ढलाने पुल नजिक एक सैलुन पसल भित्रको भान्सा कोठा र का.म.न.पा.-२९, घट्टेकुलोको निजी घरमा विष्फोट हुँदा ४ जनाको मृत्यु भएको छ । साथै थानकोट सहित उक्त स्थानहरुमा भएका घटनाहरुमा ७ जना घाइते भई निजहरुको विभिन्न अस्पतालमा उपचार भैरहेको छ । जनसाधारणलाई आतंकित पारी जोरजबरजस्ती बन्द गराउने उद्देश्यका साथ विष्फोटको योजना बनाई उपत्यका लगायत मुलुकका विभिन्न स्थानमा गरिएको विष्फोटनको तयारीलाई सुरक्षाकर्मीद्वारा निस्तेज पारिएको छ । उक्त समूहका कार्यकर्ताहरु स्वंयम नै विष्फोटको घटनामा मृत्यु र घाइते भएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

हालसम्म विष्फोटको योजनामा संलग्न रहेका १५ जना व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम कारवाहीका लागि नियन्त्रणमा लिइएको छ । आजको तथाकथित नेपाल बन्दका क्रममा केही संकास्पद छिटपुट घटना बाहेक बन्दको प्रभाव न्यून रहेको र जनजीवन सामान्य रहेको जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जानकारी प्राप्त भएका छन् ।

शान्तिपूर्ण राजनीतिक अभ्यास मार्फत आमनागरिकका मुद्दाहरुलाई सम्बोधन गर्ने संवैधानिक प्रावधान विद्यमान रहेको अवस्थामा निर्दोष नागरिकको जीउधनमाथी सांघातिक आक्रमण गर्ने, सर्वसाधारणलाई आतंकित हुनेगरी विष्फोट गराउने, सरकारी सम्पत्तिमा क्षति पुऱ्याउने जस्ता अमानवीय एवंम जघन्य घटनाहरुप्रति गृह मन्त्रालय घोर भर्त्सना गर्दछ । कानून र शान्ति विरोधी गतिविधि कुनैपनि शर्तमा क्षम्य नहुने हुँदा यस प्रकारका हिंसात्मक तथा विध्वंसात्मक गतिविधिमा संलग्न नहुन सम्बन्धित सवैमा हार्दिक अपिल गर्दै यस घटनामा भएको मानवीय र भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दछौ । मुलुकभर शान्ति सुरक्षाको यथोचित प्रबन्ध भएकाले कुनैपनि भ्रममा नपरी नियमित क्रियाकलापमा सक्रिय रहन सवैमा हार्दिक अनुरोध गर्दै समाजमा हुने सवै प्रकारका गैरकानूनी एवंम शान्ति विरोधी गतिविधिलाई सहयोग नगर्न, नगराउन र समृद्ध नेपालको निर्माण अभियानमा हातेमालो गर्न गृह मन्त्रालय आम नागरिकहरुमा सविनय अनुरोध गर्दछ ।

मितिः२०७६/०२/१३

रामकृष्ण सुवेदी
प्रवक्ता/सहसचिव